Regd No: 77/1263/057/058
PAN No: 302275560
नेपालको समृद्धिका लागि ऊर्जा
स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

President
Ganesh Karki

Senior Vice President
Mohan K. Dangi

Vice President
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

General Secretary
Balaram Khatiwada

Deputy General Secretary
Prakash Chandra Dulal

Secretary
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

Treasurer
Narendra Ballav Panth

Member
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

Associate Member
Shailendra Guragain

IPP & Chief Advisor
Krishna P. Acharya

# टेक एण्ड पे पीपीए प्रावधानविरुद्ध इप्पानद्वारा आन्दोलन घोषणा गरेको सम्बन्धमा जारी

## प्रेस विज्ञप्ति

नेपालको विद्युत उत्पादन क्षमता ३६०० मेगावाट पुग्दा निजी क्षेत्रको हिस्सा ८० प्रतिशतभन्दा बढी छ । निजी क्षेत्रले ऊर्जा क्षेत्रमा यसरी आक्रामक रुपमा लगानी गरिरहेको बेला नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि २०८२ साल जेठ १५ गते सार्वजनिक गरेको बजेट तथा कार्यक्रममा 'रन अफ रिभर आयोजनाको टेक एण्ड पे (लिऊ र तिर) आधारमा पीपीए गरिनेछ' भन्ने घोषणाले १७ हजार ११७ मेगावाट क्षमताका ३५० बढी आयोजना निर्माण हुने बाटो बन्द हुनुको साथै यसमा निजी क्षेत्रबाट भइसकेको ६६ अर्ब २२ करोड रुपैयाँ लगानीसमेत डुब्ने भएपछि इप्पानले प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री, ऊर्जा मन्त्री, अर्थमन्त्री, मुख्यसचिव लगायतसँग भेटघाट तथा ज्ञापनपत्र बुझाएर उक्त बुँदा सच्याउनको लागि अनुरोध गरेकोमा कुनै पनि निकायबाट माग पुरा गर्ने सम्बन्धमा गम्भीर नभएपछि इप्पानद्वारा पहिलो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरिएको छ ।

जस अनुसार असार ६ गते एकपटक फेरी प्रधानमन्त्री, ऊर्जामन्त्री र अर्थमन्त्रीलाई ज्ञापन पत्र बुझाउने, असार ७ गते प्रधानमन्त्री, अर्थमन्त्री, ऊर्जामन्त्री र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई एसएमएस पठाएर टेक एण्ड पे फिर्ता लिन अनुरोध गर्ने, असार ८ गते सामाजिक सञ्जालमा टेक एण्ड पे पीपीए नीति फिर्ता लेउ भन्दै सन्देश लेख्ने, असार ९ गते टेक एण्ड पे को असरका वारे निजी क्षेत्रका विभिन्न संघसंगठनहरुसँग छलफल गरी संयुक्त धारणा सार्वजनिक गर्ने र असार १० गते प्रतिनिधि सभाका सभामुख र प्रमुख सचेतकहरुलाई टेक एण्ड पे फिर्ता लिनको लागि सामुहिकरुपमा एसएमएस पठाउने कार्यक्रम तय गरिएको जानकारी गराउन चाहन्छौ ।

टेक एण्ड पे पीपीएविरुद्धको आन्दोलन कार्यक्रम-२०८२
पहिलो चरणको आन्दोलन (आगामी वर्षको बजेट पारित नभएसम्मको अवधि)

| क्र.सं. | कार्यक्रम | सम्बन्धित निकाय/व्यक्ति | मिति | सहभागी |
|---|---|---|---|---|
| १ | प्रधानमन्त्री/प्रधानमन्त्री कार्यालयमा ज्ञापनपत्र बुझाउने | प्रधानमन्त्री बोधार्थ: उपप्रधान तथा अर्थ मन्त्री/ऊर्जा मन्त्री | असार ६ गते | इप्पानका कार्य समितिका पदाधिकारी तथा सदस्यहरु |

President
Ganesh Karki
Senior Vice President
Mohan K. Dangi
Vice President
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama
General Secretary
Balaram Khatiwada
Deputy General Secretary
Prakash Chandra Dulal
Secretary
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel
Treasurer
Narendra Ballav Panth
Member
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha
Associate Member
Shailendra Guragain
IPP & Chief Advisor
Krishna P. Acharya

| | | | | |
|---|---|---|---|---|
| २ | बजेटबाट टेक एण्ड पे पीपीए फिर्ता लिन निजी प्रवर्द्धकहरुको तर्फबाट सामूहिक एसएमएस पठाउने ('ऊर्जामा निजी क्षेत्र समाप्त पार्ने, लोडसेडिङ निम्त्याउने र लगानीकर्तालाई डुबाउने टेक एण्ड पे पीपीए खारेज गर' -इप्पान) | प्रधानमन्त्री/अर्थ मन्त्री/ऊर्जा मन्त्री/नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक | असार ७ गते बिहान १०:०० बजे | इप्पानको पदाधिकारी, कार्य समिति सदस्य, सल्लाहकार, सदस्यहरु तथा निजी क्षेत्रका प्रतिनीधिहरु |
| ३ | बजेटबाट टेक एण्ड पे पीपीए फिर्ता लिन निजी प्रवर्द्धकहरुको तर्फबाट आफ्नो सामाजिक सञ्जाल (फेसबुक )मा सन्देश अपडेट गर्ने | | असार ८ गते बिहान ११:०० बजे | इप्पानको पदाधिकारी, कार्य समिति सदस्य, सल्लाहकार, सदस्यहरु तथा निजी क्षेत्रका प्रतिनीधिहरु |
| ४ | टेक एण्ड पे को असरबारे निजी क्षेत्रका प्रमुख संस्थाहरुसँग छलफल तथा संयुक्त धारणा सार्वजनिक | | असार ९ गते | इप्पानको पदाधिकारी, कार्य समिति सदस्य, सल्लाहकार, सदस्यहरु तथा निजी क्षेत्रका प्रतिनीधिहरु |
| ५ | बजेटबाट टेक एण्ड पे पीपीए फिर्ता लिन निजी प्रवर्द्धकहरुको तर्फबाट सामूहिक एसएमएस पठाउने ('ऊर्जामा निजी क्षेत्र समाप्त पार्ने, लोडसेडिङ निम्त्याउने र लगानीकर्तालाई डुबाउने टेक एण्ड पे पीपीए खारेज गर' -इप्पान) | प्रतिनीधिसभाका सभामुख तथा प्रमुख सचेतकहरु | असार १० गते बिहान ८:०० बजे | इप्पानको पदाधिकारी, कार्य समिति सदस्य, सल्लाहकार, सदस्यहरु तथा निजी क्षेत्रका प्रतिनीधिहरु |

(प्रतिनीधि सभाबाट बजेट तथा कार्यक्रम पारित हुँदासम्म टेक एण्ड पे पीपीए नहटाएमा दोस्रो र तेस्रो चरणमा आयोजनाको चाबी सरकारलाई बुझाउनेसम्मको शसक्त आन्दोलन गरिनेछ ।)

बलराम खतिवडा
महासचिव

मोहनकुमार डाँगी
कार्यवाहक.अध्यक्ष एवं संयोजक,
इप्पान आन्दोलन समिति

मिति : २०८२/०३/०५